# नामावलीमा मतदाता, गाउँघर रित्तै

**यादव आचार्य** | *गुलरिया*



फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि अन्तिम मतदाता नामावली प्रकाशन भइसकेको छ। आयोगले नामावली रुजुसमेत गरिसकेको छ।

बर्दियाको कुल ४ लाख ५९ हजार ९०० जनसंख्यामध्ये गुलरिया, मधुवन, राजापुर, ठाकुरबाबा, बारबर्दिया र बाँसगढी नगरपालिका तथा गेरुवा र बढैयाताल गाउँपालिकामा १ लाख ६३ हजार ८७३ महिला, १ लाख ५९ हजार ३८७ पुरुष र ६ जना अन्य गरी ३ लाख २३ जार २६६ मतदाता छन्। जसमा महिलाको संख्या बढी रहेको जिल्ला निर्वाचन कार्यालय बर्दियाका जिल्ला निर्वाचन अधिकारी लालबहादुर मल्लले जानकारी दिए। दुईवटा निर्वाचन क्षेत्र रहेको बर्दियामा-१ मा १ लाख ६१ हजार ४७३ जना र क्षेत्र नम्बर २ मा १ लाख ६१ हजार ७९३ जना मतदाता छन्। बर्दिया क्षेत्र नम्बर २ मा ३ सय २० जना मतदाता बढी छन्।

बर्दिया-१ मा गुलरिया नगरपालिका, बाँसगढी नगरपालिका, बढैयाताल गाउँपालिका र बारबर्दिया नगरपालिकाको ४ देखि ११ सम्मको ८ वटा वडाहरू पर्दछन्। जसअन्तर्गत गुलरिया नगरपालिकामा ४५ हजार ४८२ मतदाता छन्। त्यस्तै बाँसगढी नगरपालिकामा ४६ हजार ६१७ र बढैयाताल गाउँपालिकामा ३८ हजार ४० मतदाता र बारबर्दिया नगरपालिकाका ८ वटा वडामा ३१ हजार ३ सय ३४ गरी १ लाख ६१ हजार ४७३ मतदाता रहेको निर्वाचन अधिकारी मल्लले प्रस्ट्याए।


बर्दिया-२ मा मधुवन नगरपालिका, राजापुर नगरपालिका, ठाकुरबाबा नगरपालिका, गेरुवा गाउँपालिका र बारबर्दिया नगरपालिकाका १ देखि ३ सम्मका ३ वटा वडाहरू पर्दछन्। जसअन्तर्गत मधुवन नगरपालिकामा ३५ हजार ५५०, राजापुर ४५ हजार ८३५, ठाकुरबाबा ४७ हजार ७५१ र बारबर्दिया नगरपालिकाका ३ वटा वडामा ६ हजार ५६१ गरी १ लाख ६१ हजार ७९३ मतदाता रहेको उनको भनाइ छ। प्रतिनिधि तथा प्रदेससभा सदस्य निर्वाचन २०७९ मा बर्दियामा ३ लाख १५ हजार २८४ मतदाता थिए। प्रतिनिधिसभा सदस्य निर्वाचन ०८२ मा ७ हजार ९८२ मतदाता बढेको निर्वाचन कार्यालयले जनाएको छ।

मतदाता नामावलीमा वृद्धि भए पनि गाउँ घरमा मतदाता छैनन्। वैदेशिक रोजगारी, अध्ययनलगायत विविध कारणले गर्दा मतदाता देश तथा जिल्लाबाहिर छन्। निर्वाचनकै लागि भनेर वैदेशिक रोजगारीबाट मतदाता फर्किने अवस्था छैन। नजिकका जिल्लामा अध्ययनलगायत रोजगारीका लागि पुगेका केही मतदाता मतदानमा फर्किए पनि अन्य मतदाता फर्किने अवस्थाको यकिन नभएको गुलरिया नगरपालिकाका नगरप्रवक्ता एवं वडा नम्बर ६ का वडाध्यक्ष सुधांशु प्रकाश शर्माले बताए।

असोज महिनादेखि माघ २५ सम्म जिल्ला प्रशासन कार्यालय बर्दियाबाट राहधानीका लागि ३ हजार ४५२ जनाले आवेदन दिएका छन्। सोही अवधिमा २ हजार ७१२ जनाले पासपोर्ट बनाएर लगिसकेको प्रशासन कार्यालयमा रहेको राहदानी शाखाको तथ्यांक छ। आवेदन दिएका र पासपोर्ट लगिसकेका गरी ६ हजार १६० जना तेस्रो मुलुकको तयारीमा छन्। जिल्ला प्रशासन कार्यालय बर्दियामा दैनिक ३५ देखि ४० जना सम्म पासपोर्ट बनाउन आउने गरेको जिल्ला प्रशासन कार्यालय बर्दियाले जनाएको छ। तथ्यांकबाट पनि मतदाता नामावलीमा नाम भएका सबै मतदानमा सहभागी नहुन सक्छन्।

# चुनावमा मात्र पुगिने मुगुको सुम्ली गाउँ

**जीवन सेजुवाल** | *मुगु*



**छायाँनाथ रारा नगरपालिका–१४ को सुम्ली गाउँ।** ● सौजन्य : कविराज कार्की

- मुगुको छायाँनाथ रारा नगरपालिका-१४ स्थित सुम्ली गाउँ चुनावपछि नेताहरूले फर्केर नहेर्ने गरेको स्थानीय गुनासो।
- गाउँमा ५६ घरधुरी बसोबास, एक मात्र सार्वजनिक धारा, विद्युत् सेवा छैन, सडक पहुँच छैन।

छायाँनाथ रारा नगरपालिकाभित्र एउटा यस्तो गाउँ छ, जहाँ चुनावका बेला नेताहरू जस्तोसुकै कठिनाइ पार गरेर पनि पुग्छन्, तर चुनाव सकिएसँगै उनीहरू फर्केर नआउने स्थानीयको वर्षौंदेखिको गुनासो छ।

छायाँनाथ रारा नगरपालिका-१४ स्थित सुम्ली गाउँमा चुनावका समयमा विभिन्न आश्वासन बाँड्दै भोट माग्न आउने राजनीतिक दलका नेताहरू चुनावपछि गाउँको अवस्था बुझ्नसमेत नफर्किने स्थानीयको भनाइ छ।

नगरपालिका भित्रकै बस्ती भए पनि सुम्ली गाउँको विकासको अवस्था अत्यन्त कमजोर छ। यहाँ ५६ घरधुरी बसोबास गर्दै आएका छन्। गाउँमा अहिले पनि एउटा मात्रै सार्वजनिक धारा छ, विद्युत् सेवा पुगेको छैन र आवतजावतका लागि सहज सडक सुविधासमेत उपलब्ध छैन। सदरमुकाम पुग्न आधा घण्टा पैदल हिँडेर सोरु गाउँपालिकाको सडक प्रयोग गर्नुपर्छ भने आफ्नै वडा कार्यालय पुग्न दुईदेखि तीन घण्टा उकालो-ओरालो बाटो हिँड्नुपर्ने बाध्यता छ।

चुनावका बेला गाउँमा पुग्ने नेताहरूले समस्याको समाधान गर्ने आश्वासन दिए पनि त्यसको कार्यान्वयन कुनै पनि दलका नेताबाट नभएको स्थानीय ऐनबहादुर भण्डारी बताउँछन्।

छायाँनाथ रारा नगरपालिका-१४ मा ८७ वटा बस्ती छन्। नगरपालिकाभित्रका वडा नम्बर ९ को मुर्मा र वडा नं. १४ को सुम्ली गाउँमा विद्युत् र सडक पुगेको छैन। अन्य ४/५ बस्तीमा सडक पुगेको भए पनि विद्युत् पुगेको छैन। अन्य सबै बस्तीमा सडक र विद्युत् सेवा पुगिसकेको छ। सदरमुकामबाट २ देखि ३ घण्टामा पुग्न सकिने सुम्ली गाउँ भने अझै आधारभूत सेवाबाट वञ्चित छ। स्थानीय बिर्ख भण्डारी भन्छन्, 'सबै नेताहरूले समस्या देखेर गएका हुन्छन्। भोट माग्न आउँछन् तर अहिलेसम्म समस्या समाधान कसैले गरेनन्।'

सदरमुकाम गमगढीबाट २ देखि ३ घण्टा पैदल हिँडेर पुगिने यो गाउँमा सरकारी तथा गैरसरकारी संस्थाका कार्यक्रमसमेत पुग्न सकेका छैनन्। सडक सञ्जाल नजोडिँदा यहाँ उत्पादन हुने मार्सी धान, गहुँ, सिमी, केरा तथा अन्य तरकारी र फलफूलले बजार पाउन सकेको छैन।

नगरपालिकाले सडक सञ्जाल जोड्न बेलिब्रिज निर्माण गर्ने योजना अघि सारे पनि काम कहिले सम्पन्न हुन्छ भन्ने जानकारी स्थानीयसँग छैन।

विद्युत् सेवा नपुग्दा यहाँका बासिन्दा अझै पनि दियालो बालेर रात कटाउन बाध्य छन्। खानेपानीको अभावका कारण सरसफाइका लागि खोला र बगरसम्म पुग्नुपर्ने बाध्यता रहेको स्थानीयको गुनासो छ।

# साम्पाङद्वारा धरानमा नियमविपरीत ४० कर्मचारी नियुक्त गरेको खुलासा

**रत्नप्रसाद आचार्य** | *सुनसरी*



- धरान उपमहानगरपालिकामा हर्कराज राई मेयर बनेपछि ७१ कर्मचारी नियुक्त गरिएको खुलासा।
- तीमध्ये ३१ जना करार सेवामा नियमसंगत भए पनि ४० जना दैनिक ज्यालादारीमा नियमविपरीत नियुक्त।

भ्रष्टाचार विरोधी छवि बनाएर चर्चामा आएका धरान उपमहानगरपालिकाका पूर्वमेयर हर्कराज राई (सम्पाङ) ले पद सम्हालेपछि नियमविपरीत ४० जनालाई विभिन्न पदमा नियुक्त गरेको खुलासा भएको छ। उपमहानगरपालिकालाई दीर्घकालीन आर्थिक भार पर्ने गरी गरिएको उक्त भर्ती प्रक्रियाले हर्कको सार्वजनिक छविमाथि गम्भीर प्रश्न खडा गरेको छ।

उपमहानगरपालिकाले अन्नपूर्ण पोस्ट्लाई लिखित रूपमा उपलब्ध गराएको विवरणअनुसार हर्कराज राई मेयर निर्वाचित भएपछि ३१ जनालाई करार सेवामा र ४० जनालाई दैनिक ज्यालादारी गरी ७१ जना कर्मचारीलाई नियुक्त गरिएको छ। ३१ कर्मचारी नियुक्ति प्रक्रिया नियमसंगत गरिएको भए पनि अन्य ४० जना कर्माचारीहरूको नियुक्तिहरू स्थानीय तह सेवा ऐनको नियमविपरीत गरिएको उपमहानगर स्रोतको जानकारी दिएको छ।

धरान उपमहानगरपालिकामा भर्ती गरिएका ३१ जना कर्मचारीको नियुक्तिमा सूचना प्रकाशित गरी नियमसंगत नियुक्त गरिएको भए पनि अन्य ४० जनाको नियुक्तिमा खुला सूचना प्रकाशित नगरी बिनाप्रतिस्पर्धा कर्मचारीलाई भर्ती गरिएको छ।

उपमहानगरपालिकाको प्रशासन महाशाखा प्रमुख वेदप्रसाद सापकोटाले २०७९ सालमा हर्क निर्वाचित भएर आएपछि ३१ जनालाई करार सेवामा र सूचना संकलन, सरसफाइकर्मी, माली, चौकीदार, काउन्टर कर्मचारी, इन्चार्जलगायत पदमा ४० जनालाई नगरपालिकाको आन्तरिक स्रोतबाट मासिक तलब खाने गरी दैनिक ज्यालादारीमा नियुक्त गरिएको बताए। स्रोतका अनुसार यी पदहरूमा नियुक्त गरिएका अधिकांश व्यक्ति हर्कराज राईका आफन्त, निकट कार्यकर्ता र समर्थक छन्। यसले 'भ्रष्टाचार विरोधी' नारासँगै अघि बढेका हर्कले व्यवहारमा भने आफन्तवाद र कार्यकर्ता पोषणको नीति अपनाएको नेपाली कांग्रेस धरानकी कोषाध्यक्ष पञ्चकला राईले बताइन्।

त्यसैगरी करार सेवामा नियुक्त गरिएका ३१ जनामध्ये ५ जना दमकल (बारुणयन्त्र) सिपाही, १८ जना नगर प्रहरी तथा ८ जना सवारी चालक र कार्यालय सहयोगी छन्। यस्ता संवेदनशील सेवासँग सम्बन्धित पदहरूमासमेत प्रक्रियागत स्वीकृति, बजेट सुनिश्चितता र कानुनी आधारबिना नियुक्ति गरिएको बताइएको छ।

धरान उपमहानगरपालिकाका कार्यवाहक मेयर अइन्द्रविक्रम बेघाले करारमा नियुक्त गरिएका कर्मचारी आवश्यकताअनुसार नियुक्त गरिएको बताए। उनले दैनिक ज्यालादारीमा नियुक्त गरिएका कर्मचारीबारे आफूलाई कुनै जानकारी नभएको बताएका छन्। कार्यवाहक मेयर बेघाले उपमहानगरपालिकामा भएका सबै गैरकानुनी काम खारेज गरिने चेतावनी दिएका छन्। हर्कले धरान खानेपानी व्यवस्थापन बोर्डमा पनि २२ जनालाई गैरकानुनी रूपमा नियुक्त गरेका छन्। खानेपानी कार्यालयमा २ जना खरिदार र २० जनालाई कार्यालय सहयोगीको स्केलअनुसार तलब खाने गरी नियुक्त गरेको खानेपानी व्यवस्थापन बोर्डका निर्देशक इन्जिनियर राजु पोखरेलले बताए।

हर्कले 'जन श्रमदान' को नाममा निर्माण गरिएका भौतिक संरचना, पार्क तथा अन्य परियोजनाहरू उपमहानगरपालिकालाई औपचारिक रूपमा हस्तान्तरण नगरेको र अडिटसमेत नगराएको बेघाले बताएका छन्। यसले सार्वजनिक सम्पत्तिको दुरुपयोग र वित्तीय अपारदर्शिताको आशंका बढाएको छ।

धरानको मेयर पदबाट राजीनामा दिएका हर्कराज राई फागुन २१ गते हुने निर्वाचनमा सुनसरी-१ बाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार बनेका छन्।

# कपडा लोड गरिएका दुई ट्रक प्रहरी नियन्त्रणमा

**विराटनगर** (अन्नपूर्ण) : कपडा लोड गरिएका दुईवटा ट्रकलाई प्रहरीले विराटनगरबाट आइतबार साँझ नियन्त्रणमा लिएको छ। भन्सार एवं राजस्व छलीको आशंकामा ट्रक नियन्त्रणमा लिइएको हो।

रानी-रोडशेष सडक खण्डअन्तर्गत विराटनगर महानगरपालिका-१४ नेपाल टेलिकम अगाडिबाट चालकसहित ट्रक नियन्त्रणमा लिएर अनुसन्धानको दायरामा ल्याइएको मोरङ प्रहरीका सूचना अधिकारी डीएसपी हरिनन्दन चौधरीले बताए। उनका अनुसार भारतबाट नेपाल प्रवेश गरेका प्र ३-०१-००५ ख ९४२५ र प्र ३-०१-००६ ख १३०८ नम्बरको ट्रक नियन्त्रणमा लिइएको हो।

९४२५ नम्बरको ट्रकका चालक सिन्धुपाल्चोकको बाह्रबिसे नगरपालिका-९ का ४९ वर्षीय ऋषिराम पौडेल र अर्को ट्रकका चालक रामेछापको मन्थली नगरपालिका-१० का ३७ वर्षीय कुमार बुढाथोकी हुन्। लत्ताकपडा लोड गरिएको ट्रक नियन्त्रणमा लिएर दुवै चालकलाई पक्राउ गरिएको चौधरीले बताए। उनका अनुसार बिल बिजकभन्दा बढी कपडा लोड रहेको र भन्सार मूल्यांकन कम गरेर राजस्व चुहावट एवं भन्सार छली गरिएको भन्ने सूचनाका आधारमा चालकसहित दुवै ट्रकलाई नियन्त्रणमा लिइएको हो। ट्रकमा लोड गरिएको लत्ताकपडाको अन्दाजी मूल्य १ करोड ८१ लाख २६ हजार ८७ रुपैयाँ रहेको अनुमान गरिएको छ। चालकसहित नियन्त्रणमा लिइएको ट्रकलाई प्रहरीले आवश्यक अनुसन्धान एवं कारबाहीका लागि राजस्व अनुसन्धान कार्यालय इटहरीमा बुझाएको छ।

**Government of Lumbini Province**
**Ministry of Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**
**Road Infrastructure Development Office, Dang**

**Invitation for Bids**

**IFB No.:- 02/082/083**
**Date of publication: 10th February, 2026**

Road Infrastructure Development Office, Dang invites electronic bids from Nepalese eligible bidders for the construction of different number of road upgrading works in Dang district under Sealed Quotations (SQ) procedures. Eligible Bidders may obtain further information through PPMO website www.bolpatra.gov.np/egp or on the notice board or on the official website of this office ridodang.lumbini.gov.np

**INFORMATION TO DEPOSIT THE COST OF BIDDING DOCUMENT IN BANK:**
**Name of the Bank:** Nepal Bank Limited, Ghorahi Branch
**Name of the Office:** Road Infrastructure Development Office, Dang
**Office Code No:** 3370156015
**Rajaswa Shrishak No.:** 14229
**Rajaswa Account No.:** 27402000001001000001
**Dharauti Account No:** 02702000002003000001(Province 5 Kha 2-3 Deposit Account)
**Last Date of Bid Purchase and Submission:** 25th February, 2026, 12:00 Hrs.

**Senior Divisional Engineer**

## जाँचबुझ आयोगको म्याद २५ दिन थप्ने सरकारको निर्णय



**काठमाडौं** (अन्नपूर्ण) : भदौ २३ र २४ को घटना सम्बन्धमा बनेको जाँचबुझ आयोगको म्याद थप भएको छ। सोमबार बसेको मन्त्रिपरिषद् बैठकले जाँचबुझ आयोगको म्याद २५ दिन थप्ने निर्णय गरेको हो।

अन्तिम प्रतिवेदन तयार नभएपछि आयोगले सरकारलाई म्याद थप्न आग्रह गरेको थियो। यसअघि पनि आयोगको म्याद थपिँदै आएको छ। त्यस्तै, सरकारले राष्ट्रिय आर्थिक गणना २०८२ को तथ्यांक संकलन गर्ने आदेश २०८२ स्वीकृत गर्ने र नेपाल सरकारको आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस गर्ने निर्णय गरेको छ।

## विधिको शासन स्थापित गर्ने अभियान सुरु भयो : थापा



**विराटनगर** (अन्नपूर्ण) : नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले कुशासन समाप्त गर्दै विधिको शासन स्थापित गर्ने नयाँ अभियान सुरु भएको बताएका छन्।

थापाले सोमबार विराटनगरमा आयोजित कोशी प्रदेशस्तरीय कार्यकर्ता भेटघाट तथा अन्तरक्रिया कार्यक्रममा कांग्रेसले कुशासन र भ्रष्टाचारको अन्त्य गर्दै मुलुकमा विधिको शासन स्थापित गर्ने अभियान सुरु गरेको बताए। उनले कार्यकर्तालाई गाउँगाउँ पुगेर जनताको भावन बुझ्न, प्रश्न सुन्न र जवाफ दिने निर्देशन दिएका छन्। सभापति थापाले आफ्नो मन्तव्यमा भने, 'गाउँगाउँबाट 'कांग्रेसले के गर्छ ? ' भनेर सोधिएको छ। हामी कुशासन अन्त्य गर्दै विधिको शासन लागू गर्ने प्रतिबद्धता जनाउन चाहन्छौं।'

उनले विगतमा पंगु बनाइएका निकायहरूमा सुधार ल्याउने र जनमुखी सेवा प्रवाह सुनिश्चित गर्ने योजना पनि अघि सारे। थापाले अख्तियार दुरुपयोग अनुसन्धान आयोग, अदालत र महान्यायधिवक्ताको कार्यालय लगायतलाई सेवा द्रुत र सजिलो बनाउने उद्देश्यले सुधार गर्ने बताएका छन्।

उनका अनुसार कांग्रेसले संविधानको निरन्तरतालाई सुनिश्चित गर्दै प्रदेशलाई सबल बनाउने, दलित, मुस्लिम, अल्पसंख्यक, मधेशी र महिलाका हक अधिकार सुनिश्चित गर्ने र धर्म तथा संस्कृतिको संरक्षण गर्ने योजना अघि सारेको छ।

सभापति थापाले २०८२ साल फागुन २१ पछिका ५ वर्षलाई 'भ्रष्टाचारविरुद्धको महाअभियान'को वर्ष बनाउने योजना रहेको पनि सार्वजनिक गरे। उनले कांग्रेसमात्रै सबैलाई जोड्ने क्षमता राख्ने पार्टी भएको दाबी गर्दै बहुमतका साथ जिताउन कार्यकर्तालाई आग्रह गरे।

**कटारी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कटारी, उदयपुर**
**कोशी प्रदेश, नेपाल**

**विद्युतीय माध्यमबाट बोलपत्र आह्वानको सूचना**

**प्रथम पटक प्रकाशित मिति: २०८२/१०/२७**

यस कार्यालयको स्वीकृत कार्यक्रम अनुसार तपसिलका योजनाहरुका लागी खरिद कार्य गर्नुपर्ने भएकोले इच्छुक फर्म, कम्पनीले बोलपत्र पाइने स्थान, दस्तुर, विडवण्ड पेश गर्ने खोल्ने स्थान लगायतका विस्तृत विवरण सहितको सूचना यस कार्यालयको Website: **www.katarimun.gov.np** र सूचना पाटीमा साथै यस बोलपत्र सम्बन्धी सूचना सार्वजनिक खरीद अनुगमन कार्यालय (PPMO) को Website **www.bolpatra.gov.np/egp** मा राखी यो विद्युतीय माध्यमबाट बोलपत्र आह्वान गरिएको छ।

**बोलपत्र सम्बन्धी खरिद कार्यको विवरण:**

| सि. न. | बोलपत्र न. | कार्यको विवरण | स्वीकृत ल.ई. रकम (भ्याट बाहेक) रू. | धरौटी रकम रू. | बोलपत्र दस्तुर रू. | बोलपत्र पेश गर्नुपर्ने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|---|
| 1. | KMUN/NCB/Goods/22/2082-083 | Procurement and assemble of Chaff-cutter machine. | 15,30,000.00 | 40,000.00 | 3,000.00 | 12th March, 2026 12:00 Noon |
| 2 | KMUN/NCB/Goods/23/2082-083 | Procurement of Jamunapari cross (50%) Buck. | 30,33,334.00 | 85,000.00 | 3,000.00 | 12th March, 2026 12:00 Noon |

**प्रमुख प्रशासकीय अधिकृत**